मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : १ • पूर्णांक : २०० • वि.सं. २०८० मंसिर ५ मंगलवार • ने.सं. ११४४ कछलाथ्व नवमि • 2023 November 21 • पृष्ठ ८ • मूल्य रू. १०।-

‘अब सरकारी दस्तावेजमा नेपाल संवत् अनिवार्य’ नेपाली व्यापारी शंखधर बन्नुपर्छ : प्रा.डा. बज्राचार्य

• **मेरो संवाददाता**

काठमाडौं/ “नेपाल संवतलाई राष्ट्रिय संवत् भनेर मात्रै पुग्दैन, कार्यान्वयन गर्नुपर्छ भनेर निर्णय गरेको छु। नेपाल संवतलाई सबै सरकारी दस्ताबेजहरूमा उल्लेख गर्न अनिवार्य गर्न गरिएको निर्णय हो।” प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपाल संवत्को नयाँ वर्षका अवसरमा आयोजित सभालाई सम्बोधन गर्नुहुँदै यो कुरा बताउनु भएको छ।

उहाँले नेपाल संवत्लाई राष्ट्रिय संवतको रूपमा मनाउन सङ्कीर्णता गर्नु नहुने बताउनु हुँदै नेपाल संवतलाई राष्ट्रिय संवतको रूपमा मान्यता दिलाउनको निम्ति नेवार समुदायले गरेको काम सराहनिय रहेको बताउनुभयो। उहाँले नेपाल संवत् राष्ट्रिय संवत् भएकाले सबै मिलेर मनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

प्रधानमन्त्री प्रचण्डले नेपाल संवतलाई राष्ट्रिय संवत् भनेर मात्रै नपुग्ने भन्दै सबै सरकारी दस्ताबेजहरूमा उल्लेख गर्न अनिवार्य गरिएको जानकारी दिनुभयो। नयाँ वर्ष सुरु हुनु एक दिन अघि बसेको मन्त्रिपरिषद् बैठकले सर्वसम्मत रुपमा नेपाल संवत्लाई सरकारी निर्णय पुस्तिका र दस्तावेजहरुमा प्रयोग गर्ने निर्णय गरिएको सभामा प्रधानमन्त्री प्रचण्डले बताउनु भएको थियो।

कार्यक्रममा मन्तव्य राख्ने क्रममा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले काठमाडौं मनपाले पहिलेदेखि नै आफ्नो कार्यालयमा नेपाल संवत्को प्रयोग गर्दै आएको जानकारी गराउनु हुँदै नेपाल सरकारले पनि यसको प्रयोगलाई अंगाल्नु पर्ने बताउनुभयो।

कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले पठाउनु भएको शुभकामना सन्देश पनि वाचन गरेर सुनाइएको थियो।

कार्यक्रमका सभापति एवम् नेपाल संवत् राष्ट्रिय न्हूदँ समारोह समितिका अध्यक्ष प्रा.डा. नरेशमान बज्राचार्यले कार्यक्रमको औचित्यका सम्बन्धमा आफ्ना धारणा राख्नुहुँदै शंखधर साख्वाः एक कुशल व्यापारी भएको र देशको लागि केही गरौं भन्ने भावना भएको व्यक्ति भएकै कारणले देशकै नामबाट नेपाल संवत्को स्थापना गर्नुभएको स्मरण गर्नुहुँदै वर्तमान नेपाली व्यापारीहरु पनि शंखधर जस्तै हुन सक्नु पर्ने विचार व्यक्त गर्नुभयो। उहाँले शंखधरले जस्तै प्रत्येक व्यापारीले आफ्नो मात्र स्वार्थ नहेरी देशको विकासका लागि योगदान दिएको खण्डमा नेपालको समुन्नतिलाई कसैले रोक्न नसक्ने विचार व्यक्त गर्नुभयो।

सो कार्यक्रमकै बीचमा राष्ट्रिय विभुति शंखधर साख्वाः प्रतिष्ठानलाई दुई दशक अगाडिदेखि शंखधरको विषयमा अध्ययन अनुसन्धानमा पुऱ्याएको योगदानको कदर गर्दै प्रधानमन्त्री प्रचण्डले शंखधर सिरपाः हस्तान्तरण गर्नुभएको थियो।

२५ हजार नगद सहितको पुरस्कार प्रतिष्ठानका अध्यक्ष ज्ञानुराम श्रेष्ठले ग्रहण गर्नुभएको थियो।

१८ वडामा सुकुन्दा च्याली

• **मेरो संवाददाता**

काठमाडौं/नयाँ वर्ष नेपाल संवत् ११४४ को अवसरमा काठमाडौं महानगरपालिका १८ वडाको आयोजनामा गत कार्तिक २५ गते सुकुन्दा च्याली सम्पन्न भयो। धिमे बाजाको साथमा निस्किएको सुकुन्दा च्यालीमा हजारौं स्थानीयबासी तथा गन्यमान्य व्यक्तित्वहरुको सहभागिता रहेको थियो।

बागमति प्रदेशका पहिलो महिला मुख्यमन्त्री अष्टलष्मी शाक्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा काठमाडौं मनपाकी उपमेयर सुनिता डंगोल विशेष अतिथिको रुपमा उपस्थित हुनु भएको थियो। १८ वडाको ताम्सिपाखा स्थित पुष्पलाल पार्कबाट शुरु भएको च्यालीले वडाका विभिन्न स्थानहरुको परिक्रमा गर्दै पुष्पलाल पार्कमा नै पुगेर समापन गरिएको थियो।

च्यालीका क्रममा १८ वडाका अध्यक्ष न्हुछेकाजी महर्जनको सभापतित्वमा शुभकामना आदानप्रदानको कार्यक्रम समेत गरिएको थियो। कार्यक्रम संचालन वडा सदस्य हेराशोभा महर्जनले गर्नुभएको थियो।

नयाँ वर्षमा १५ वडामा बृहत सुकुन्दा च्याली

• **मेरो संवाददाता**

काठमाडौं/नेपाल संवत् नयाँ वर्ष सुरु हुने अवसरमा काठमाडौं मनपाको १५ वडामा बृहत सुकुन्दा च्याली आयोजना गरिएको छ।

काठमाडौं मनपा १५ वडामा रहेका विभिन्न १२ वटा संस्थाहरुको संयुक्त आयोजना र ससुख्वाट टोल सुधार संस्थाको संयोजनमा यस वर्षको मैनबती च्याली आयोजना गरिएको हो।

१३ औं पटक भएको यस मैनबत्ती च्यालीका संयोजक एवम् ससुख्वाट टोल सुधार संस्थाका उपाध्यक्ष रामेश्वर श्रेष्ठले सबैको सहयोगबाट नै यो कार्यक्रम सफल भएको प्रतिक्रिया दिनुहुँदै विश्वमै देशको नामबाट स्थापित एक मात्र संवत् नेपाल संवत्प्रति सबैले गर्व गर्नुपर्ने बताउनु भयो।

संघीय प्रतिनिधिसभा सदस्य सपना राजभण्डारी जोशीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पूर्वमन्त्री जीवनराम श्रेष्ठ, बागमति प्रदेशसभा सदस्यद्वय शैलेन्द्र बज्राचार्य, उद्धव थापा, काठमाडौं मनपा १५ वडाका अध्यक्ष ईश्वरमान डंगोललगायत विशिष्ट महानुभावहरु अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो।

काठमाडौं मनपा १५ वडाको ससुख्वाटस्थित बज्र होटलबाट सुरु भएको मैनबत्ती च्याली बिजेश्वरी, सैनिक आवास, सरस्वतीस्थान विकास समाज, दलू पुल, दलू चौतारा, निपुहिति, सिद्धार्थ मार्ग, लखतिर्थ, धुम्बाखेल, दलू पुल, लिङ्करोड, लखतीर्थ, चागल, स्वर्णिम बस्ती, माल्चाटार, दलू आवास, संयुक्त क्लब, धिमेल्वहं, च्वयूबुँ हुँदै कार्यक्रम स्थल होटल बज्रमा समापन गरिएको थियो।


भर्ना चाल
नेपालभाषा एम.ए. (M.A) न्हापांगु
सेमेस्टरय् भर्ना चाल
शैक्षिक दँ २०८०-८१
नेपालभाषा, साहित्य, लिपि, संस्कृति व सोधपत्र
अध्ययनया निति स्वापू तयादिसँ ।
छुं नं विषयलय् स्नातक तगिमय् पास जुइधुंकूपि
न्हयाम्हेसिनं ब्वने दु ।
नां दुतिना
ने.सं ११४४ कछलाथ्व ४ - कछलागा १४ तक
(२०८० मंसीर १-२५ गते तक)
ढोषर दस्तुर
मंसीर २६ व २७ गते
प्रवेश परीक्षा
२०८० पौष २ गते मंगलवार
नेपालभाषा केन्द्रीय विभाग
पाटन संयुक्त क्याम्पस परिसर, यलद्यखा, यल
५२५८४९४ , ९८४३६१७६१९
९८४१७९७०३८ ९८५१०९१५१७

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ९८४१२१५२५०, ०१५९०९२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

हार्दिक कृतज्ञता

मेरो साप्ताहिकले आजको दिनसम्म आइपुगदा आफ्नो २०० अंकको यात्रा पूरा गरेको छ। चार वर्षको यो यात्रामा हामीले धेरै उकालो-ओरालो भोगेका छौं। यस क्रममा धेरै शुभचिन्तकहरुले पत्रिकाको स्थायित्व र विकासका लागि योगदान दिनु भएको छ।

मेरो साप्ताहिकले आफ्नो २०० अंक पूरा गरेको यस सुखद अवसरमा पत्रिकालाई आजको दिनसम्म पुग्न सहयोग गर्नुहुने सम्पूर्ण पाठक, लेखक, समाचारदाता, विज्ञापनदाता एवम् शुभचिन्तक महानुभावहरुमा हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछौं। यहाँहरुको साथ, सहयोग र सल्लाह सुझावकै कारण आज हामी यो स्थानसम्म आइपुग्न सफल भएका छौं। यहाँबाट आगामि दिनमा यस साप्ताहिकलाई अझ धेरै माया, स्नेह र सहयोग प्राप्त हुने पनि हामीले विश्वास लिएका छौं।

यो चार वर्षको बीचमा विश्वले नै कोभिड संक्रमणको सामना गरेको थियो भने यसपछि पनि विश्वमा विभिन्न स्थानमा चलिरहेको युद्ध र आर्थिक मन्दिले गर्दा विश्वमा नै एक नकारात्मक स्थितिको सिर्जना भएको छ। यस्तो अवस्थामा पनि हाम्रा शुभचिन्तक लेखक एवम् विज्ञापनदाताहरुले साप्ताहिकको निरन्तरताका लागि दिनुभएको माया प्रति हामी अत्यन्त कृतज्ञ छौं।

२०० अंकको यो यात्रा पूरा भएको अवसरमा पत्रिकालाई अझ स्तरीय र स्थानीय समाचारलाई प्राथमिकताका प्रकाशन गर्ने प्रतिबद्धता पनि हामी जाहेर गर्न चाहन्छौं। विश्वभर रहेका नेपालीका सरोकारका विषयलाई समेट्दै पत्रिकालाई हरेक नेपालीको बनाउने उद्देश्य हामीले लिएका छौं। यसका लागि आदरणीय पाठकहरुको पनि उत्तिकै निरन्तर साथ र सहयोग रहनेछ भन्ने विश्वास पनि हामीले लिएका छौं। अन्त्यमा यस पत्रिकाको निरन्तरताका लागि साथ र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सहकर्मी, लेखक, विज्ञापनदाता, पाठक तथा शुभेच्छुकहरुलाई यस सुखद अवसरमा हार्दिक बधाई पनि ज्ञापन गर्दै हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

एक पटक पुग्नै पर्ने बीस हजारी ताल

✍ सुनिता महर्जन

नेपाल प्रकृतिले भरिएको सुन्दर राष्ट्र हो। जसलाई चिन्नेले स्वर्गको नाम पनि दिएको पाइन्छ। नेपाल एउटा यस्तो देश हो जहाँ हिमालका सुन्दर दृश्यदेखि तराई र पहाडको मेल रहेको छ। प्राकृतिक दृष्टिकोणले खुल्ला म्युजियमको नामले प्रसिद्ध नेपाल पर्यटकहरुका लागि आकर्षणको केन्द्र विन्दु नै हो।

नेपालमा विदेशी मात्र नभई आजभोलि आन्तरिक पर्यटकले पनि ठाउँ लिदै गएको छ। एक ठाउँका नेपाली अर्को ठाउँमा भ्रमण गर्दा भाइचाराको सम्वन्ध प्रगाढ हुँदै जान्छ भने विकट क्षेत्रमा रहेका नेपालीहरुको जनजीवन बुझ्न र स्थानीय उत्पादनको व्यापारिक प्रवर्द्धनमा पनि आन्तरिक पर्यटनले टेवा पुऱ्याउँदै आएको छ।

साथै प्रकृतिका मनमोहक दृश्य र त्यहाँका स्थानियको समुधर सम्बन्धले अझ यात्रामा सहज बनेको छ। नेपालमा थुप्रै घुम्ने ठाउँ रहेको छ तर यहाँ चर्चा गर्न लागेको छौं भरतपुर महानगर पालिकाको १३ वडामा रहेको राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने २० हजारी ताल र त्यसका वरपरका क्षेत्रको रहेको छ। जहाँ एकपटक घुमेपछि बारम्बार जाने रहर जाग्छ। विभिन्न चराचुरिङ्गिको सुमधुर स्वरले शान्ति र मनलाई हर्षित पारी अर्कै दुनियामा तानिरहन्छ। त्यस्तै निकुन्जमा यात्रा गर्दा देखिने जनावरहरु विशेषत हामीले यहाँ गैंडा, जरायो, चित्तलका साथै १ सय २५ प्रकारका

चरा, घडियाल गोही तथा विभिन्न प्रकारका माछाहरु देख्न सकिन्छ। विभिन्न रंगका पुतलीहरुको नृत्यले मोहित पार्दा स्वर्गको अनुभुति दिन्छ।

भरतपुर मनपा १३ वडाका वडा अध्यक्ष प्रकाश दवाडीका अनुसार यहाँ विभिन्न देशबाट माइग्रेसन भएर चराहरु आउने गर्दछन्। यहाँ साइबेरियाको जंगलबाट जाडो छल्नका लागि आउने दुकुरको जोडी पनि जाडो याममा देख्न सकिन्छ। यो विभिन्न चराहरुको बास स्थान पनि भएको पाइन्छ। जसको संरक्षण हुनु अति आवश्यक छ। उहाँको भनाई अनुसार २०५७ सालमा मध्यवर्ती वन क्षेत्र घोषणा भएपछि यहाँ रहेका वन्यजन्तुहरु र स्थानीय जनसमुदायको संरक्षण गर्ने दायित्व पनि बढेको छ। यहाँ आउने पर्यटकहरुले भ्रमण गर्दा चराका गुँडहरु मयूर, भालु, पाटेबाघ जस्ता जनावरका वासस्थानहरु देख्न सकिन्छ।

यो स्तम्भकार बागमती प्रदेश सरकारको सञ्चार रजिष्ट्रारको कार्यालयले आयोजना गरेको ५ दिने क्षमता अभिवृद्धि पत्रकारिता तालिममा सहभागी हुन त्यहाँ जाने अवसर जुरेको थियो। तालिमकै क्रममा तालिम संचालन गरिएको बीस हजारी ताल नजिकै रहेको राई निकुञ्जमा भ्रमण गर्ने अवसर पनि हामीलाई जुरेको थियो। भरतपुर मनपा १३ वडाका अध्यक्षको समेत सहभागितामा सो निकुञ्जको भ्रमण गर्दा हामीले घाँस दाउरा गर्दा वाघले आक्रमण गरेको ठाउँ पनि देखेका थियौं। जंगली जनावरको संरक्षण गर्नु एकातर्फ महत्वपूर्ण छ भने यहाँका मानव बस्तिलाई सुरक्षित स्थानमा सारेर यो ठाउँलाई पर्यटकीय तथा स्थानीय जीवजन्तुको वासस्थानका रुपमा विकास गर्नुपर्ने स्थानीयवासी र संरक्षणकर्मीहरुको माग रहेको समेत हामीलाई वडा अध्यक्ष दवाडीले जानकारी गराउनु भएको थियो।

यस ठाउँको अर्को आकर्षकको रुपमा २०५२ सालदेखि परिचयमा आएको बीस हजार ताल चितवनको भरतपुरबाट करिब ९ किलोमिटर (बीस हजार फिट) दूरीमा रहेको छ। जहाँ एक मात्र ताल नभई बिसौं हजार ताल भएकोले बीस हजार ताल भनिएको स्थानियको कथन छ। यहाँ धेरै प्रकारका चराहरु देख्न सकिने भएका कारणले चराचुरुङ्गीहरु हेर्न चाहनेहरुका लागि यो ठाउँ विदेशीले मात्रा नभई नेपालीले पनि हेर्नै पर्ने ठाउँ हो।

यस स्थानको अर्को आकर्षण भनेको थारु जातिले मान्दै आएको विक्रम बाबाको मन्दिर हो। जहाँ प्रत्येक वर्ष मेला लाग्ने गर्दछ। जुन हरेक वर्ष चैते दसैँबाट सुरु हुन्छ।

यस मेलामा स्थानीय समुदाय, स्थानिय पर्यटकहरूका साथसाथै भारत तथा अन्य देशहरूबाट पनि भक्तजनहरू आउने गर्दछन्। यस मन्दिरमा श्रद्धापूर्वक मागेको वर पूरा हुने जनविश्वास पनि रहेको छ।

थारु जातिको बाहुल्यता रहेको यहाँको अर्को आकर्षण भनेको थारु नाच पनि हो। थारु मौलिक पहिरनमा नाचिने नाच यहाँ पुग्ने आन्तरिक तथा बाह्य दुवै प्रकारका पर्यटकहरुका लागि आकर्षणको केन्द्र बन्ने गरेको छ।

यस निकुन्जमा मानव वस्ति र जनावरहरुबीच एक प्रकारको द्वन्द्व पनि हुने गरेको पाइन्छ। निकुन्जका जनावरहरु मानव वस्तिमा गई घर पालुवा जनावरका साथै मानवलाई नै क्षति पुऱ्याउने थुप्रै घटना भएको पाइन्छ। त्यस्तै स्थानिय मानिसहरुले आफ्नो जिविकोपार्जन गर्नको लागि घास दाउरा गर्ने क्रममा जनावरहरुलाई वाधा पुग्ने अर्को समस्या बनेको छ।

हरियो वन नै नेपालको धन भन्ने प्रचलित भनाइ रहेको छ। यहाँका जंगली जनावर तथा पशुपंक्षीहरु राष्ट्रिय सम्पदा हुन् जसको संरक्षण गर्न अत्यन्त जरुरी छ। तर यहाँका सीमावर्ती क्षेत्रमा बस्ने स्थानीय मानिसको सुरक्षा पनि उत्तिकै महत्वपूर्ण छ। यसका लागि सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु आवश्यक छ।

वरिष्ठ कवयित्री श्रेष्ठको म्युजिक भिडियो सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/वरिष्ठ कवयित्री नारायणदेवी श्रेष्ठको देवरथारोहण (तेश्रो जंक्व)को अवसरमा उहाँको रचना रहेको गीतको म्युजिक भिडियो सार्वजनिक गरिएको छ।

गत कार्तिक २१ गते मंगलबार नारायणदेवी श्रेष्ठको जंक्व विधिपूर्वक उहाँको निवास भोटाहिटीमा सम्पन्न भएको थियो।

यसैक्रममा कार्तिक २५ गते शनिबार क्षेत्रपाटी पार्टी प्यालेसमा आयोजिक भोजका क्रममा उहाँलाई उपहार स्वरुप उहाँका सन्तानहरु गणेराम श्रेष्ठ, मेरी पात्रवंश, दिनेशराम श्रेष्ठ, महेशराम श्रेष्ठ र नरेशराम श्रेष्ठले उहाँको गीत 'प्रेम आश दुने बिलिबिलि जायेकाः' को म्युजिक भिडियो खस भाषामा पनि अनुवाद गरी आमाप्रति समर्पित गर्नुभएको थियो भने दुवै भाषाको म्युजिक भिडियोको लोकार्पण अग्रज कवयित्री नारायणदेवीले गर्नुभएको थियो। उक्त गीतको नेपाली अनुवाद वरिष्ठ गायक, संगीतकार एवं साहित्यकार योगेश वैद्यले गर्नुभएको थियो।

कवयित्री नारायणदेवी श्रेष्ठको पहिलो कृति 'मुखु स्वाँ' मा संलग्न सो गीत संगीतवद्ध गरेर गायिका रीता महर्जनले गाउनु भएको छ भने संगीत संयोजन वरिष्ठ संगीतकार जुगल डंगोलको रहेको छ।

म्युजिक भिडियोको छायांकन, सम्पादन एवं निर्देशन राजेन्द्र डंगोलको रहेको छ। उक्त म्युजिक भिडियोमा नव कलाकार सुमिना महर्जनको नृत्य र अभिनय गर्नुभएको छ भने नृत्य निर्देशन अनु महर्जनको रहेको थियो। यसैगरी भेषभूषा शोभा महर्जनको र श्रृंगार उमिशा पाण्डेको रहेको छ।

'यो मन मेरो दोमन भो' यूट्यूबमा

• **मेरो संवाददाता**

काठमाडौं/पत्रकार एवं गीतकार अमरध्वज लामाको शब्द रचना, संगीतकार दिनेशकाजी बान्तावाको संगीत र किसन राईको स्वरमा सजिएको गीत 'यो मन मेरो दोमन भो' यूट्यूबबाट सार्वजनिक गरिएको छ।

भिडियो गायक राईकै अफिसियल युट्यूब च्यानलबाट सार्वजनिक गरिएको हो। सो गीतमा संगीत ऐरेन्ज, मिक्सिङ्ग एवं माष्टरिङ्ग देवेश राईले गर्नुभएको छ।

सेवा रेकर्डिङ्गमा रेकर्ड गरिएको उक्त गीतको भिडियोमा चर्चित मोडल एलिसा राईको मुख्य अभिनय रहेको छ। राईका साथमा कलाकारहरु निर्मलकुमार लामा (बिजी), मन्जित वाइबा, अन्जन मोक्तान कान्छा र स्वयं गायक किसन राई समेतले अभिनय गर्नुभएको छ।

सुन्दर युवती डोल्माको सौन्दर्यबाट आकर्षित भएका भिन्न भिन्न उमेर समूहका युवाहरुको कथालाई भिडियोको बिषय बस्तु बनाइएको छ। भिडियोभित्रको कथाको अन्त्य भने अप्रत्यासित बनाइएको छ। भीमफेदी गाईजका निर्मलकुमार लामा (बिजी)ले निर्देशन गर्नुभएको भिडियोको सिनेमाटोग्राफी, सम्पादन तथा कलरिङ्ग पवन सुस्लिङ्गले गर्नुभएको छ।

मिस युनिभर्सको उपाधि निकारागुआलाई

• **मेरो संवाददाता**

काठमाडौं/मिस युनिभर्स २०२३ को उपाधि निकारागुआकी सेनिस पलासियोसले जितेकी छिन्। ७२ औं दक्षिण अमेरिकी मुलुक निकारागुआका लागि मिस युनिभर्स टाइटल पहिलोपटक हो।

पेशाले टेलिभिजन होस्ट २३ वर्षिया पलासियोसले आमसञ्चारमा स्नातक उत्तिर्ण गरेकी छन्। एल-साल्भाडोरमा आयोजित फिनालेमा थाइल्याण्डकी एन्टोनिया पोर्सिल्ड फस्ट रनर-अप हुँदा अष्ट्रेलियाकी मोरया विल्सन सेकेण्ड रनरअप घोषित भइन्।

९० भन्दा बढी मुलुकका सुन्दरीले प्रतिस्पर्धा गरेको प्रतियोगितामा नेपालको यात्रा अन्तिम २० मा पुगेर टुंगिएको थियो। मुलुकको प्रतिनिधित्व गरेकी जेन दीपिका गारेटले 'प्लस साइज मोडल'को रुपमा अन्तर्राष्ट्रिय मिडियामा चर्चा बटुल्न सफल भएकी छिन्।

दीपिका अन्तिम २० मा छनोट भएपनि अन्तिम १० मा पुग्न सकिनन्।

सन् २०१८ मा मनिता देवकोटा नेपालको प्रतिनिधित्व गर्दै अन्तिम १० मा छनोट भएकी थिइन्।

प्रतिस्पर्धापछि सामाजिक

संजालबाट खुशि बाँड्दै दीपिकाले लेखेकी छन् - म संसारभर वास्तविक आकारको सुन्दरताको प्रतिनिधित्व गर्न पाउँदा र सौन्दर्य प्रतियोगिताको स्टेरियोटाइप (परम्परागत मापदण्ड) तोड्न पाउँदा गर्व गर्छु। नयाँ मिस युनिभर्समा धेरै गर्व छ र मेरो जीवनको यो क्षणलाई कदर गर्नेछु।'

शीर्षस्थानमा 'दिमाग खराब'

• **मेरो संवाददाता**

काठमाडौं/सिनेमा आर्ट र ब्ल्याक हर्स पिक्चर्सको ब्यानरमा निर्माण भएको 'दिमाग खराब'ले नेपाली बक्स अफिसमा आक्रामक व्यापार गरिरहेको समाचार प्राप्त भएको छ।

एक आम नागरिकले व्यवस्था विरुद्ध गर्ने लडाईंको कथा रहेको 'दिमाग खराब' बलियो 'वर्ड अफ माउथ' र लगातारको तिहार बिदाको फाइदा उठाउँदै दोस्रो सप्ताहान्त आक्रामक व्यापार गर्न सफल भएको छ। दोस्रो शनिबारसम्म आइपुग्दा निश्चल बस्नेत निर्देशित फिल्म घरेलु बक्स अफिसको शीर्षस्थानमा छ।

वितरक गोविन्द शाहीले पहिलो साता फिल्मको कमाइ चार करोड रुपैयाँ ग्रसभन्दा माथि उक्लिएको बताए भने दोस्रो सप्ताहान्त फिल्मले लगानी उठाउने प्रक्षेपण वितरक शाहीले गरेका छन्। निर्माताले बजेट चार करोड भनेका छन्। फिल्म प्रवर्द्धनकै लागि निर्देशक निश्चल बस्नेत र अभिनेत्री स्वस्तिमा खड्का सहितको टोली जिल्ला भ्रमणमा छन्।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
Newa FM 106.6 MHz
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि-चच्छि

२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
ग्रामो पात्रो
नेपालभाषा एकेडेमिया निंति
ANK MEDIA Media for Social Good
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः२, ग्वःखाः।
फान ल्याः ४३३७२२१, ४३३४२२२
इ-मेल : ankmedia.newafm@gmail.com

श्री आनन्दादि लोकेश्वर (चोबहाःद्यः)

किपा : नविन सिंह

ज्यापु महागुथि नेपाः संस्थागत विकासया लँपुई - ३



✍ जुजुभाई डंगोल
केन्द्रिय दुजः, ज्यापु महागुथि नेपाः

६.१ भौगोलिक प्रतिनिधित्व

केन्द्रीय समिति दुथ्यापिं सदस्यपिनिगु थाय्बाय् कथं भौगोलिक प्रतिनिधित्व थथे खने दु :

(क) येँ महानगर समिति - अध्यक्ष १, उपाध्यक्ष २, सह-कोषाध्यक्ष १ व सदस्यपिं १० याना १४ जना।

(ख) यल जिल्ला समिति - उपाध्यक्ष १, सचिव २ व सदस्यपिं ६ याना ९ जना।

(ग) उत्तर लागा (तोखा) - महासचिव १ व सदस्यपि ३ याना ४ जना।

(घ) किपु नगर समिति - सचिव (१) व सदस्यपिं ३ याना ४ जना।

(ङ) पश्चिम लागा (चन्द्रागिरी) - सदस्य १

(च) पूर्व लागा (थिमि नगदेश) - सदस्य १

भिंगू लागा मध्ये तिस्तुग, पोखरा, हेटौंडा व चितवन लागाया प्रतिनिधित्व केन्द्रीय समिति मदु।

६.२ उमेरगत प्रतिनिधित्व

ज्यापु महागुथि नेपाःया विधान कथं सदस्यताया लागि योग्यता धैगु (क) १८ वर्ष दय् धुंकूपिं ज्यापु समुदायया व्यक्ति जुइमा, (ख) प्रचलित ऐन कानूनं अयोग्य ठहर मजुम्ह जुइमा, (ग) संस्थाया विधान, नीति, नियम, निदेर्शिका निशर्त माने यायेत मञ्जुर दुम्ह जुइमा।

ज्यापु महागुथि नेपाः केन्द्रीय कार्यसमितिया न्हुपिं पदाधिकारी व सदस्यपिनिगु उमेर समूह थथे दु। (तालिक ३)

तालिका ३ :

केन्द्रीय समितिया पदाधिकारी व दुजःपिनिगु उमेर समूह

क्र सं	उमेर समूह	संख्या	प्रतिशत
१	३० दं क्वय्यापिं	—	—
२	३१ निसें ४० दँतक	५	१५
३	४१ निसे ५० दँतक	१२	३६
४	६१ निसे ६० दँतक	१२	३६
५	६१ निसे ७० दँतक	४	१३
		३३	१००

श्रोत : ज्यापु महागुथि नेपाः केन्द्रीय सचिवालय, २०८० ।

च्वय्यागु तालिका कथं ३३ जना कार्य समितिया पदाधिकारी व दुजःपिं मध्ये यक्व धैथें ४१ दँनिसे ६० दँ दुनेया व्यक्तिपिं दु, अथे धैगु २४ जना (७२ प्रतिशत)। युवा वर्ग (३१ दँनिसे ४० दँतक) तय्गु संख्या ५ जक (१५ प्रतिशत) दु । बृद्धावस्थाया लँपुइ न्हया वनाच्वंपिं ६१ दँनिसे ७० दँ उमेर समूह दुनेलाःपिं ४ जना (३ प्रतिशत) जक दु।

६.३ शैक्षिक योग्यताया आधारय्

वर्तमान केन्द्रीय समितिया पदाधिकारी व सदस्यपिं फुक्क ब्वना तःपि खः।

तालिका ४ : केन्द्रीय समितिया पदाधिकारी व सदस्यपिनिगु शैक्षिक अवस्था

क्र सं	शैक्षिक अवस्था	संख्या	प्रतिशत
१	प्राथमिक शिक्षा	३	९
२	एस.एल.सी.वा सो सरह	४	१२
३	आई.ए. वा सो सरह	७	२१
४	वि.ए. वा सो सरह	१०	३१
५	एम.ए. वा सो सरह	९	२७
		३३	१००

श्रोत : ज्यापु महागुथि नेपाः केन्द्रीय सचिवालय, २०८० ।

केन्द्रीय समितिया पदाधिकारी व दुजःपिं मध्ये अप्वः धैथें ग्राजयुयत जुइ धुंकूपिं खः - १९ जना (५८ प्रतिशत)। उके मध्ये नं ९ जना (२७ प्रतिशत) मास्टर डिग्री दुपि।

७) निष्कर्ष व सुझाव

विशेष तयारी याना उपप्रधान व गृहमन्त्री नारायणकाजी श्रेष्ठया मू पाहासुइ जुगु ज्यापु महागुथि नेपाः केन्द्रीय समितिया ऐतिहासिक एकीकरण लिपाया न्हापांगु व प्यक्वःगु राष्ट्रिय एकीकृत तःमुँज्या यैंया तिनखेलय् २०८० भाद्र २३ कुन्हु यैं, यल, किपू, पश्चिम लागा (चन्द्रागिरी), थिमि नगदेय् लागा, उत्तरलागा (तोखा), तिस्तुंग, पोखरा, हेटौंडा व चितवनलागापाखें लगभग झिद्ध (१०,०००) नं मयाक्क ज्यापु दाजुकिजा तताकेहेपिनिगु सहभागिताय् भव्य उद्घाटन समारोह जुल। ज्यापु जातिया उत्थान नेपाः देय्या निर्माणया नारा ज्वनाः न्ह्यागु उगु उद्घाटन समारोहलय् थीथी राजनीतिपार्टीनाप स्वापू दुपिं नेवाः नेतातय्त पाहाँ कथं ब्वनाः ज्यापु महागुथि नेपाःया संस्थागत विकासया इवलय् ग्वाहाली याःपिं व्यक्तिपिंत व संस्थायात नं हनापौ द्यछाना वंगु उलेज्या ज्याइवलय् लुमन्ति पौ ११४३ नं पितहःगु खः।

न्हिल्याः २०८० भाद्र २४ गते केन्द्रीय नायः राजभाई जकःमिया नायःसुइ जुगु बन्द सत्रय् विधान कथं प्रस्तुत जूगु महासचिवया प्रगति प्रतिवेदन व ल्यूछ्याञ्जेपाखे प्रस्तुत आर्थिक प्रतिवेदन छलफल जुया पारित जुल। बन्द सत्रया अन्तिमय् नायः राजभाई जकःमिपाखे वर्तमान कार्य समिति भंग जूगु जानकारी बिया न्हुगु कार्य समिति गठन यायूत निर्वाचन समितिया संयोजक शान्तराज महर्जनयात विधान कथं जिम्मेवारी लल्हाना तःमुँज्या क्वचाल।

विधान कथं न्हुगु केन्द्रीय समिति गठन यायूगु इवलय् महागुथिया फुक्क लागापाखें प्रतिनिधित्व याना वनेगु सहमति जूकथं खुला निर्वाचन मयासे सहमती जुया न्हुगु कार्य समिति गठन जुल। न्हुगु कार्य समितिया बिबरण च्वय् न्ह्यब्वये धुन।

७.१ न्हुगु कार्य समितिया न्ह्यःने वःगु चुनौती व अवसर

सन् १९९१ वर्षयात संयुक्त राष्ट्र संघ विश्व आदिवासी दिवस घोषणा याना विश्वया आदिवासीतय्गु धलः सूचीकृत यायेगु अभियानया इवलय् ज्यापु महागुथि पलिस्था जूगु नं स्वीदँ दत। स्वीदँया दुने झीगु देशय्, झीगु समाजय् यक्व उथलपुथल जुइ धुंकल।

यातायात, सञ्चार, सूचना प्रविधि, वित्तिय संस्था, बजारया विस्तारं याना थौ ज्यापु वस्तीनं शहर जुया आदिवासीपाखें शहरवासी जुया च्वना। स्वीदँन्ह्यः, छगु ज्यापु परिवार छम्ह निम्ह ब्वनातःपि दुसा थौ न्यूनतम स्नातक तह उत्तिर्ण जुपिं प्रत्येक परिवारय् दु। म्हिगया इलय् झी ज्यापु तय्गु मू पेशा बुँज्या (कृषि) खः – कम हे जक ज्यापु परिवारं बैकल्पिक पेशा याना वया च्वंगु खः। थौंया ई अथे मखय् धुंकल। मू पेशाकथं बुँज्यायाना च्वंपि कम जुइ धुंकल – बुँ दनिसां बुँज्या याइपिं कम जुयाच्वंगु दु। सरकारी सेवा (निजामती, प्रहरी, सैनिक), शैक्षिक क्षेत्र (विश्वविद्यालय, कलेज, विद्यालय), उद्योग, व्यापार, सूचना प्रविधि, सूचना सेवा (छापा, टेलिभिजन) वकालत, निर्माण व्यवसाय, यातायात व्यवसाय, आदि आदि उपलब्ध जूगु फुक्क क्षेत्रयात ज्यापुतय्सं थःगु पेशाकथं नालाकया च्वंगु दु।

युवातय्गु आकर्षण अध्ययनया लागि, रोजगारीया लागि अथवा सुरक्षित भविष्य कामना याना विदेश जुया च्वंगु दु। प्रत्येक परिवारया काय् म्हयाय्पि विदेशय् दु – अमेरिका, क्यानाडा, अष्ट्रेलिया, युके, युरोपया थीथी देश, जापान, मलेसिया, चिन, सिंगापुर, आदि आदि।

कथहं

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १०५

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गाभा, सं. (-गू)	दुच्वः।	मुना, टुसा, गुभेपात।
गामाः, सं. (माल-)	गामय् च्वनीम्ह, गांपाः याम्ह।	गाउँले, पाखे।
गामाः पहः, सं. (हल-, -गू)	मछालाभाय् मदुगुया भाव बा चिं।	कोर्काली पारा।
गामाः बाबु, सं.	गामं क्वहां वःम्ह मचा, गांया मनू।	पाखे, कोर्काली ठिटो।
गामाःसू, सं. (सुलि-)	मछाः मजूगुया भाव बा चिं।	अभद्रता, अशिष्टता।
गायन, सं. (-गू)	मे, मेलिसे स्वागु धुं।	संगीत, गायन।
गायां सं. (यान-)	सारंगि कियाः मे न्यंकाः फ्वना जुइपिनि जात।	गाइने।
गायां जुये, क्रि. (ल)	फ्वना नइम्ह जुये।	मगन्ते हुनु।
गायां पहः, सं. (ल-, -गू)	फ्वागिं पहःचा।	भीख मंगापन।
गायें[१], क्रि. (त)	माक्व गाक्क दये, लुधंक दुगु जुये।	पुग्नु, यथेष्ट हुनु।
गायें[२], क्रि. (ल)	हाचां गाये, पुला वने।	नाघ्नु।
गारय्, अ.	सिकं धनाः ब्यः बीत छेलीगु खँग्वः।	अशकुन शब्द, गाली गर्दा प्रयोग हुने अपशब्द।
गारय् जुये, क्रि. (ल)	१. इवकनिये।	निकृष्ट मरण हुनु।

चिनाखँ

जनताको विकास



✍ मदनराम कर्माचार्य "कान्तिपुरी"

भाषणमा जनताको विकाश
कार्यमा जनता मराण
हाम्रो नेपालको सरकार
क्या मज्जाको छन् ।१।

नेपालमा राजनीतिक वागचाल,
पैसा कमाउन माहिरता,
जनता मर्कामा फँसेको,
सरकार हाई सन्चोमा ।२।

विदेशीको इसारा सदन
फाईदा जति सरकारको
बेफाईदा जति जनताकै
विचौलिया राज्य चल्दैन ।३।

नीति भन्दा सुगति
जनताको मतले सरकार
सरकारको कमाण्डर जनता
यसैमा छन् विकास ।४।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना। नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ। लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

टिष्टुङ्ग बज्रबाराही नेवाः पुचःया मंकाः म्हपुजा

• **मेरो संवाददाता**

टिष्टुङ्ग/नेपाल संवत् ११४४ नयाँ वर्षको उपलक्ष्यमा टिष्टुङ्ग बज्रबाराही नेवाः पुचः र हलिं नेवाः गुथि तेस्तुङ्ग कचाको संयुक्त आयोजनामा मंकाः म्हपुजा गरिएको छ।

गत कार्तिक २७ गते थाहा नपा वडा नं. ६ को त्योतु लाछीमा सम्पन्न सो म्हपुजा कार्यक्रम कला संस्कृतिको संरक्षण आर्थिक समृद्धिका लागि पर्यटन प्रवर्द्धन भन्ने नाराका साथ सम्पन्न गरिएको थियो। सो कार्यक्रममा हलिं नेवाः गुथिका केन्द्रीय अध्यक्ष विनोद महर्जन, टिष्टुङ्ग बज्रबाराही नेवाः पुचःका अध्यक्ष हरिगोपाल श्रेष्ठ, कोषाध्यक्ष नारायण महर्जन, बैकुण्ठ श्रेष्ठ, हलिं नेवाः गुथिया तेस्तुङ्ग कचाका अध्यक्ष नरहरी गोपाली, उपाध्यक्ष विष्णु गोपाली, गुरु बाबुलाल श्रेष्ठ, धामी रामेश्वर महर्जन, गुरु सानुकान्छा श्रेष्ठ, मोहनलाल महर्जनको सहभागिता रहेको थियो।

म्हपूजाका क्रममा शिला महर्जन, सरिता महर्जन, यमुना कर्माचार्य, आस्था महर्जन, सरिता महर्जन, बाबुकाजी श्रेष्ठले पूजाविधिमा सहयोग गर्नुभएको थियो। म्हपुजाका लागि टिष्टुङ्ग रिसोर्ट प्रा.लि र काठमाडौं भ्याली अस्पतालले विशेष सहयोग गरेको आयोजकले जनाएको छ। म्हपुजाको मन्दः डिजाइन र निर्माण सनोद महर्जन, मनोज महर्जन र शंकर महर्जनले गर्नुभएको थियो।

बाल साहित्यकार शान्तदास मानन्धरको निधन

• **मेरो संवाददाता**

काठमाडौं/वरिष्ठ बाल साहित्यकार शान्तदास मानन्धरको गत कार्तिक २८ गते मंगलवार दुःखद निधन भएको छ। हर्नियां रोगबाट पीडित मानन्धरको उपचारका क्रममा बयोधा अस्पतालमा निधन भएको हो।

जीवनको उत्तरार्धमा पनि साहित्य सिर्जनामा नै निरन्तर सक्रिय मानन्धरलाई बाल साहित्य रत्न उपाधिबाट सम्मानित गरिएको थियो। उहाँ नेपाली बाल साहित्यका सर्जक, प्रवर्धक, प्रकाशक, अनुवादक, अन्वेषक, प्रचारक र प्रसारक समेत हुनुहुन्थ्यो।

उहाँ पहिलो पारिजात बाल साहित्य सम्मान २०७०, जगदम्बा श्री सम्मान २०७४ लगायत अन्य थुप्रै सम्मानहरूबाट समेत सम्मानित भएका थिए। साहित्यकार मानन्धर ९० वर्षको हुनुहुन्थ्यो। उहाँ बालकोसेली, बालपोष, मचाक्यब जस्ता पत्रिकाको सम्पादक तथा प्रकाशक समेत हुनुहुन्थ्यो।

६ दशक भन्दा लामो समय बाल साहित्यको सेवा गर्नुभएका मानन्धरका मरुभूमिमा एक राज्य, बसिबियाँलो, कथाकोसेली, पानीको कथा, हाम्रा बालबालिकाहरू र बालसाहित्य, चार डाला नाकलगायत बालकृति प्रकाशित छन्। उहाँको कार्तिक २९ गते बुधवार पशुपतिको शवदाहगृहमा अन्त्येष्टी गरिएको थियो।



प्रवक्ता मानन्धरलाई पितृशोक

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं महानगरपालिकाका प्रवक्ता एवम् १७ वडाका अध्यक्ष नविन मानन्धरलाई पितृशोक परेको छ। उहाँका पिता भगवानदास मानन्धरको गत कार्तिक २९ गते ३ बजे निधन भएको पारिवारिक श्रोतले जनाएको छ।

केही समय अगाडि मुटुको समस्या देखिएर अस्पताल भर्ना गरिएका स्व. मानन्धरको स्वास्थ्यलाभपछि घरमै उपचार गराइरहनु भएकोमा आकस्मिक रुपमा समस्या बढेपछि मनमोहन अस्पताल लगिएको र त्यहाँ उपचारकै क्रममा उहाँको निधन भएको जानकारी प्राप्त भएको छ।



स्व. मानन्धरको बुधवार इन्द्रायणीमा अन्तिम संस्कार गरिएको थियो।

स्व. मानन्धरका पत्नीका साथै एक छोरा र तीन छोरी छन्।

पत्रकार स्थापितलाई मातृशोक

• **मेरो संवाददाता**

काठमाडौं/'जनआस्था'का प्रवन्ध सम्पादक एवम् वरिष्ठ पत्रकार राजेन्द्र स्थापितलाई मातृशोक परेको छ। उहाँकी आमा नीलप्रभा स्थापितको गत बुधवार राती ९ बजे ८५ वर्षको उमेरमा निधन भएको हो।

स्व. स्थापितका ६ छोरा र एक छोरी छन्।

हार्दिक श्रद्धाञ्जली



स्व. नेत्र बहादुर तामाङ्ग

यस साप्ताहिकका शुभचिन्तक एवम् सार्क जर्नलिष्ट फोरमका अध्यक्ष राजु लामाका पूजनीय पिता नेत्र बहादुर तामाङ्ग को गत कार्तिक ५ गते बिहीवार ७७ वर्षको उमेरमा भएको आकस्मिक निधन प्रति शोक व्यक्त गर्दै दिवंगत आत्माको सुखावति भुवनमा बास होस् भन्ने कामना गर्दछौं ।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साम्हाद्विक Mero Saptahik

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
लहना
व्यवसायिक पत्रकारिता, थौंया आवश्यकता LAHANA WEEKLY वा:पौ
खोजी खोजी पढौं ।

घरेलु मैदानमै भारतलाई स्तब्ध बनाउँदै क्रिकेट विश्वकपको उपाधि छैठौं पटक अष्ट्रेलियालाई

• **मेरो संवाददाता**

काठमाडौं/तेश्रो पटक विश्वकपको उपाधि जित्ने लक्ष्यका साथ मैदान उत्रिएको भारत घरेलु मैदानमै निराश बन्नु परेको छ। भारतको अहमदाबादमा रहेको नरेन्द्र मोदी क्रिकेट रङ्गशालामा यही मंसिर ३ गते भएको विश्वकपको उपाधि भिडन्तमा अष्ट्रेलियाले घरेलु टोली भारतलाई स्तब्ध पार्दै छैठौं पटक उपाधिमा आफ्नो कब्जा जमाएको हो।

विश्वकप क्रिकेट प्रतियोगिताको १३ औं संस्करणको उपाधिका लागि अष्ट्रेलियाले ६ विकेटशको जित हात पारेको हो। यसअघि, अस्ट्रेलियाले सन् १९८७, १९९९, २००३, २००७ र २०१५ मा विश्वकप क्रिकेट उपाधि जितेको थियो । भारतले १२ वर्षपछि विश्व च्याम्पियन बन्ने सपना देखेको थियो। यसअघि, सन् २०११ मा भारतमा नै विश्वकप हुँदा भारत च्याम्पियन बनेको थियो। तर त्यसपछि भारत विश्वकपमा सँधै निराश बन्दै आएको छ। यसपालिको संस्करणमा भारत सबै दस खेल जितेर फाइनलमा पुगेको थियो।

विश्वकप क्रिकेट फाइनल हेर्न एक लाख ३२ हजारको कीर्तिमान दर्शकबिच भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र अस्ट्रेलियाका उपप्रधानमन्त्री रिचर्ड मार्लेसको पनि उपस्थिति रहेको थियो।

अस्ट्रेलियाले टस जितेर भारतलाई पहिले ब्याटिङ्ग गर्ने निम्तो दिएको थियो। भारतीय टीम २४० रनमा अलआउट भएपछि जवाफी ब्याटिङ्गमा आएका प्रारम्भिक ब्याट्सम्यान ट्रिभस हेडले १३७ रनको शतकीय पालि खेलेपछि अस्ट्रेलियाले सात ओभर बाँकी छँदै चार विकेटको क्षतिमा २४१ रन बनाएर लक्ष्य हासिल गर्न सफल भयो। मार्नस लाबुस्चेले पनि अविजित ५८ रन बनाएर अस्ट्रेलियालाई विश्व विजेता बनाउन महत्वपूर्ण भूमिका खेल्नुभयो। हेड र लाबुस्चेबीच चौथो विकेटका लागि १९२ रनको साझेदारी बनेको थियो।

यसअघि, लक्ष्य पछ्याउने क्रममा अस्ट्रेलियाले सात ओभरमा ४७ रन बन्दा तीन विकेट गुमाएपछि भारत खेलमा फर्किने सम्भावना देखिएको थियो। पछिल्लो विश्वकपको फाइनलमा पनि पहिले ब्याटिङ गरेको न्युजिल्यान्डले २४१ रन बनाएको थियो। इङ्गल्यान्डले जवाफमा २४१ रन नै बनायो। त्यसपछि इङ्गल्यान्ड सुपर ओभरमा खेल जितेर च्याम्पियन बनेको थियो। तर कमजोर बलिङका कारण भारतले पछिल्लो फाइनलको रोमाञ्च दोहऱ्याउन सकेन। भारत यस प्रतियोगितामा लगातार दस खेल जितेर फाइनलमा पुगेको थियो। त्यसैले भारतलाई उपाधिको प्रमुख दावेदार मानिएको थियो। तर भारतले तेस्रो पटक विश्वकप उपाधि जित्न सकेन।

यसअघि अनुशासित बलिङको सामना भारतले उचित तरिकाले गर्न सकेन। भारतका कप्तान रोहित शर्माले ४७ रनको तेज पालि खेलेर घरेलु टिमलाई तेज सुरुआत दिलाउनुभएको थियो। उहाँले ३१ बलमा चार चौका र तीन छक्का प्रहार गर्दै ४७ रन बनाउनुभयो। अर्का प्रारम्भिक ब्याट्सम्यान शुभमन गिल भने चार रनमै आउट हुनुभएको थियो। रोहित आउट भएपछि भारतको ब्याटिङले सङ्घर्ष गरेको थियो। सुस्त पिचमा टस हारेपछि पहिले ब्याटिङ गर्न बाध्य भारतले ११ औं ओभरमा ८१ रन बन्दा तीन विकेट गुमाएको थियो। भारतले अन्तिम पाँच विकेट पनि ८।३ ओभरमा मात्र ३७ रनमा गुमायो।

विराट कोहली र लोकेश राहुलले अर्धशतकीय पालि खेलेर भारतलाई सम्मानजनक स्कोरसम्म पुऱ्याएका थिए। कोहलीले यस विश्वकपमा ५४ रनको अर्धशतकीय पालि खेल्नुभयो। भारतका लागि सर्वाधिक रन लोकेश राहुलले ६६ रन बनाएका थिए।

अस्ट्रेलियाका कप्तान प्याट कमिन्सले यस प्रतियोगितामा सर्वाधिक रन बनाउने कोहलीका साथै र लयमा रहेका श्रेयर एयरलाई आउट गरेको थियो भने अर्का तेज बलर मिचेल स्टार्कले तीन ब्याट्सम्यानलाई र तेज बलर जोस हेजलउडले पनि पुछारका दुई ब्याट्सम्यानलाई पवेलियन फर्काएर भारतको पालि समाप्त पारेका थिए।



विश्वकपको यस संस्करणमा कोहली ११ खेलमा ७६५ रन बनाएर एक विश्वकपमा सर्वाधिक रन बनाउने ब्याट्सम्यानको कीर्तिमान बनाउन सफल हुनु भयो। उहाँले सचित तेन्दुलकरको कीर्तिमान तोड्नु भएको छ। तेन्दुलकरले सन् २००३ मा दक्षिण अफ्रिकामा भएको विश्वकपमा ११ खेलमा ६७३ रन बनाएको रेकर्ड थियो।

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग

ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१

यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

महिला टी-२० सिरिजमा नेपाल तेस्रो

• **मेरो संवाददाता**

काठमाडौं/ यही मंसिर ३ गते आइतबार भएको खेलमा नेपाल जापानलाई ४५ रनले हराउँदै चार देश सम्मिलित महिला टि-२० सिरिजमा नेपालले तेस्रो स्थान हासिल गरेको छ।

हङकङमा जारी प्रतियोगितामा नेपालले टस जितेर पहिला ब्याटिङ गर्दै पाँच विकेटको क्षतिमा एक सय १५ रन बनाएको थियो। नेपालका लागि पूजा महतोले ४३, रोमा थापाले २२, रुविना क्षेत्रीले २१ तथा कप्तान इन्दु बर्माले १२ रन बनाएका थिए।

बलिङतर्फ जापानकी अहिल्या चण्डेल, एरिका टोगुची क्युइनले एक एक विकेट लिएका थिए। एक सय १६ रनको विजयी लक्ष्य पछ्याएको जापानले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर ७० रन मात्र बनाएको थियो।

जापानका लागि अकरी निशीमुराले २९, हिनासे गोटोले १६ र अहिल्या चण्डेलले ११ रन बनाएका थिए।

बलिङतर्फ नेपालकी सञ्जिता राई, इन्दु बर्मा, सीता रानामगर, खुशी डङ्गोल र सोनी पाख्रिनले एक एक विकेट लिएका थिए।

महिला टि-२० सिरिजमा आयोजक हङ्कङसँगै नेपाल, तान्जानिया

र जापान सहभागी भएका थिए।

प्रतियोगिताको फाइनल खेलमा आयोजक हङ्कङले तान्जानियामाथि ५ विकेटको जीत हात पारेको थियो। पहिले ब्याटिङ्ग गरेको तान्जानियाले हङ्कङलाई ८५ रनको लक्ष्य दिएकोमा ५ बल बाँकि छँदै हङ्कङले लक्ष्य भेटाएको थियो।

प्रतियोगितामा हङ्कङकी खेलाडी मारिको हिल प्लेयर अफ द म्याच घोषित भइन्।

पाँचथर भलिबल उपाधि फाल्गुनन्दलाई

• **मेरो संवाददाता**

काठमाडौं/पाँचथर-फाल्गुनन्द गाउँपालिकाको वसाँगुमा सञ्चालन भएको पालिकास्तरीय आमन्त्रण भलिबल प्रतियोगिताको उपाधि फाल्गुनन्द गाउँपालिकाले जितेको छ।

शनिवार सम्पन्न प्रतियोगिताको फाइनल खेलमा प्रतिस्पर्धी कुम्मायक गाउँपालिकालाई २५-१६, २५-२२ र २५-२१ को सोझो सेटमा पराजित गर्दै फाल्गुनन्द प्रथम भएको हो।

विजेता बनेसँगै फाल्गुनन्दले नगद १ लाख १५ हजार ५ सय १५ रुपियाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्दा उपविजेता कुम्मायक गाउँपालिकाले नगद ६५ हजार ५६५ रुपियाँमा चित्त बुझायो। पाँचथर, तेह्रथुम र इलाममा क्रियाशील १२ टिमले भाग लिएको प्रतियोगिता कात्तिक २९ गते सुरु भएको थियो।

कोलोराडोमा शुभकामना आदान प्रदान

• **मेरो संवाददाता**

कोलोराडो/नेपाल सम्बत ११४४ को उपलक्ष्यमा कोलोराडो निवासी नेवाः समुदायले गत शनिबार एक कार्यक्रम आयोजना गरी एक आपसमा भिन्तुना आदान प्रदान गरेका छन्। कोलोराडो नेवाः खलःले आयोजना गरेको न्हूदँया भिन्तुना कार्यक्रममा सहभागी भई उनीहरुले एक आपसमा शुभकामना आदान प्रदान गरेका हुन्।

पूर्व मन्त्री एवं प्रतिनिधी सभा सदस्य धुर्वबहादुर प्रधानको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कोलोराडोमा सकृय संघ संस्थाका पदाधिकारी गन्यमान्य, बुद्धिजिवी, आयोजक संस्थाका पदाधिकारी, पत्रकार तथा बा आमा दाजुभाई दिदी बहिनीको बाक्लो उपस्थिती रहेको थियो।

प्रमुख अतिथी धुर्वबहादुर प्रधानबाट पानसमा बत्ती बालेर उद्घाटन गरिएको कार्यक्रममा संस्थापक अध्यक्ष प्रेमकाजी श्रेष्ठले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गरेका थिए भने अध्यक्ष भुषणलाल श्रेष्ठले संस्थाको पहलमा गरिएका कामको बिवरण प्रस्तुत गर्दै केही समय अगाडी नेपाली सांस्कृतीक केन्द्र भवनको प्रांगणमा सम्पन्न ईन्दजात्रा एक उदारहण भएको बताउनु भयो।

नेवाः खलः अध्यक्ष भुषणलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रम सबिता श्रेष्ठले संचालन गरेकी थिईन। कार्यक्रमको अन्तमा संस्थाका उपाध्यक्ष मनोजकाजी तुलाधरले उपस्थित सबैलाई धन्यबाद दिदै नेवार संस्कृती जोगाईराख्न तथा अमेरीकामा जन्मे हुर्केका बालबालिकाहरुलाई नेवार संस्कृती पहिचान गराउन हरेक बर्ष यस्ता कार्यक्रमहरु आयोजना गरीदै आएको बताएका थिए।

चाडपर्वमा एकरुपता आउनु आवश्यक : मन्त्री चित्रकार

• **नविन सिंह**

काठमाडौं/बागमती प्रदेशका उद्योग वाणिज्य भूमी तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले नेवाः समुदायले मनाउने चाडपर्वमा एकरुपता आउनुपर्नेमा जोड दिनुभएको छ। गत कार्तिक २५ गते हलिं नेवाः दबू नेपाः च्याप्टरको मुखपत्र 'हलिं नेवाः पौ' विमोचन गर्नुहुँदै मन्त्री चित्रकारले यस्तो धारणा व्यक्त गर्नुभएको हो।

नेपाः च्याप्टरका अध्यक्ष सुरेन्द्र भक्त श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको विमोचन कार्यक्रममा मन्तव्य राख्नुहुँदै उहाँले चाडपर्व मनाउने सन्दर्भमा काठमाडौं, ललितपुर र भक्तपुरका बीचमा देखिएको मतभेद आजको मात्र समस्या नभई लामो समयदेखि रहेको बताउनुहुँदै यसको दायित्व पञ्चाङ्ग निर्णायक समितिको मात्र नभई जनस्तरले नै यसको लागि आवाज उठाउनु पर्ने बताउनु भयो। उहाँले बागमती प्रदेशको छुट्टै पञ्चाङ्ग निर्णायक समिति

मुखपत्र प्रकाशनका संयोजक उत्तमकुमार श्रेष्ठले वर्ल्ड नेवाः अर्गानाइजेशन र यसका अन्य देशमा रहेका शाखाहरूबाट हुने गतिविधिलाई नेवाः समाजसम्म पुऱ्याउने पुलको रुपमा 'हलिं नेवाः पौ' वर्ल्ड नेवाः अर्गानाइजेशन नेपाल च्याप्टरमार्फत आएको बताउनुभयो।

नेपाल संवत् न्हूदँ राष्ट्रिय समारोह समिति-११४४ का अध्यक्ष तथा विमोचनकार्यक्रका विशेष अतिथि प्रा.डा. नरेशमान बज्राचार्यले मुखपत्र प्रकाशनप्रति खुशी व्यक्त गर्दै नेवाः समाजमा प्रचलित मौलिक शब्दहरुको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले नेपाल सरकारसँग कार्य गर्दाको अनुभव साझा गर्दै नेपाल सरकारबाट आफूना माग पूरा गराउनका लागि एकदमै कटिबद्ध भएर लाग्नुपर्ने बताउनु भयो। उहाँले नेपाल सरकारले निर्णय गरिसकेको कुरा कार्यान्वयन गर्नका लागि केही समय लाग्ने भएकाले निर्णयको कार्यान्वयनका लागि पनि सम्बन्धित पक्ष नै लाग्नुपर्ने बताउनु भयो।

अर्का विशेष अतिथि नेवाः देय् दबूका अध्यक्ष पवित्र बज्राचार्यले संघसंस्थाको संख्यामा भन्दा भएको संस्थालाई प्रभावकारी ढंगले अघि बढाउनुपर्ने बताउनुभयो। सोही कार्यक्रममा वर्ल्ड नेवाः अर्गानाइजेशनका केन्द्रीय सल्लाहकार रोजीना प्रधान राईले मुखपत्र प्रकाशनको निम्ति आवश्यक पर्ने जुनसुकै सहयोग गर्न आफू तयार रहेको र विश्वका अन्य देशमा मुखपत्र उपलब्ध गराउन भूमिका खेल्ने बताउनुभयो।

विमोचन कार्यक्रमका विशेष अतिथि गुठी संस्थानका प्रशासक किरण शाक्यले मुखपत्र प्रकाशनको निरन्तरताको कामना गर्दै नेपाः च्याप्टरले अझ प्रभावकारी कामहरु गर्न सफल होओस् भन्ने कामना गर्नुभयो। उहाँले चाडपर्वमा आएको समस्या समाधानका लागि बागमति प्रदेशको छुट्टै पञ्चाङ्ग निर्णायक समिति बनाउन आवश्यक रहेको औंल्याउनु भयो।

नेवाः पत्रकार राष्ट्रिय दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले मुखपत्र प्रकाशन भएकोमा खुशी व्यक्त गर्दै यसको निरन्तरताको लागि आफूले पनि सक्दो सहयोग गर्ने बचन दिनुभयो।

नेपाल च्याप्टरका उपाध्यक्ष श्यामप्रसाद श्रेष्ठले सोही कार्यक्रममा बोल्दै नेपालभाषालाई सबै नेवाःहरूले दैनिक रुपमा बोलचाल गर्नसक्ने वातावरण बनाउन सबैले पहल गर्नुपर्ने बताउनुभयो।

संस्थाका सह-कोषाध्यक्ष तथा मुखपत्र प्रकाशनका सहसंयोजक मंगल ताम्राकारले संचालन गर्नुभएको उक्त कार्यक्रममा नेपाल च्याप्टरका उपाध्यक्ष रमेश मुनिकारले कार्यक्रममा स्वागत गर्नु भएको थियो।

विमोचन कार्यक्रम समापन गर्दै कार्यक्रमका सभापति सुरेन्द्रभक्त श्रेष्ठले नेपाल च्याप्टरलाई अघि बढाउन योजनाबद्ध ढंगबाट लागिरहेको र अझै लागिरहने बताउँदै सामाजिक र मानविय कार्यमार्फत संस्थालाई नेवाः समाजसँग जोड्न सिंगो कार्यसमिति प्रयासरत रहेको बताउनुभयो। हलिं नेवाः पौ राकेश महर्जनको सम्पादनमा प्रकाशित गरिएको हो।

नयाँ वर्षमा मोटरसाइकल च्याली



• **मेरो संवाददाता**

काठमाडौं/नयाँ वर्ष नेपाल संवत् ११४४ को अवसरमा किलाघ टोल सुधार समितिको आयोजनमा मोटरसाइकल च्याली कार्तिक २८ गते मंगलबार सम्पन्न भएको छ।

काठमाडौं मनपाका पूर्वमेयर विद्यासुन्दर शाक्यको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा कामपा १८ वडाका अध्यक्ष न्हुछेकाजी महर्जन, २४ वडाका अध्यक्ष बिनोद कुमार राजभण्डारीका साथै वडाका सदस्यको उपस्थिति रहेको थियो। परेवा उडाएर शुरुवाट भएको सो च्याली काठमाडौं, ललितपुर र भक्तपुर तिन वटै जिल्लाका प्रमुख स्थानहरुको परिक्रमा गरि सम्पन्न भएको थियो।

कार्यक्रम टोल सुधार समितिका अध्यक्ष अमृत महर्जनको सभापतित्वमा भएको थियो।

पद्मरत्नको पाँचौं स्मृति दिवस

• **मेरो संवाददाता**

काठमाडौं/पद्मरत्न लुमन्ति गुथि र पद्मरत्न तुलाधर स्मृति प्रतिष्ठानको संयुक्त आयोजनामा मानवअधिकारवादी नेता पद्मरत्न तुलाधरको पाँचौं स्मृति दिवस गत कार्तिक २५ गते यहाँको शंखधर उद्यान, रत्नपार्कमा सम्पन्न गरिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाली राजनीतिमा स्व. तुलाधरले पुऱ्याउनुभएको योगदानको सम्झना गर्नुभयो। उहाँले पद्मरत्न तुलाधरकै अगुवाइमा नेपाल संवत्लाई राष्ट्रिय संवत्को मान्यता दिलाउन गरिएको पहलको पनि सम्झना गर्नुभयो।

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

➢ *भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ।*
➢ *घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं।*
➢ *प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं।*
➢ *भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।*
➢ *भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं।*
➢ *धैर्यतापूर्वक घर/भवन वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।*
➢ *भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड